कार्यपालिकाको बाह्रौं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल कार्तिक महिनाको २८ गते सोमबार

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर के.सी., सूचना अधिकारी

श्री शिक्षित पराजुली, कृषि अधिकृत

श्री सागर पौडेल, लेखापाल

प्रस्तावहरु:

१. पहिरो व्यवस्थापन गर्ने उपभोक्ता समिति लगायतलाई भुक्तानी/सहयोग सम्बन्धमा ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको मिति २०७९/०७/१७ गते अवधारणा पत्र पेश गर्ने सम्बन्धी प्रकाशित सूचना सम्बन्धमा ।

निर्णयः

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | क) आ.व. २०७९/८० को हालसम्मको अवधिमा गाउँपालिका अन्तर्गतका सातवटा वडा क्षेत्रभित्र बाढी पहिरोबाट बाटो अवरुद्ध भई जनजीवन प्रभावित भएको र सम्पूर्ण पहिरो प्रभावित क्षेत्रमा बाटो खुलाउन उपभोक्ता समितिहरु मार्फत कार्य सम्पन्न भएका र वडा समितिबाट अनुगमन भई भुक्तानी सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरुको उल्लिखित रकम बराबरको भुक्तानी विपद् व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने । | |

| क्र.सं. | उपभोक्ता समिति/कन्स्ट्रक्सन कम्पनीको नाम र वडा नं | प्राविधिकबाट तयार बिल एवम् वडाबाट सिफारिस भुक्तानी गर्नुपर्ने रकम | भुक्तानी दिने रकम |
|---|---|---|---|
| १. | अर्गेजा कन्स्ट्रक्सन कम्पनी प्रा.लि., (थापचौर देविस्थान मोटरबाटो मर्मत), वडा नं ५ | ५९,०८९.९६ | ५९,०८९.९६ |
| २. | दुर्लेख कन्स्ट्रक्सन प्रा.लि., (थापचौर देविस्थान मोटरबाटो मर्मत), वडा नं ५ | ९९,००० | ९९,००० |
| ३. | दरबाङ निस्कोट सिरदी मोटरबाटो मर्मत उपभोक्ता समिति, वडा नं १ | ६६०,२५० | ६६०,२५० |
| ४. | अधिभारा औल किटिनी हुँदै पात्ले मोटरबाटो सोर्ने उपभोक्ता समिति, वडा नं ३ | ११,०६,७५० | ११,०६,७५० |
| ५. | दर्बाङ दिच्याम दुखु बाङगे पहिरो बलौटे सडक मर्मत उपभोक्ता समिति, वडा नं ६ | १०,५४,५०० | १०,५४,५०० |

ख) सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले आयोजना गरेको वन, उद्दम, पर्यापर्यटन तथा क्षमता विकास कार्यक्रमबाट रु १,३१,१९३ को बिल पेश भए तापनि श्रोत सीमितताका कारण आ.व. २०७९/८० को 'वन, उद्दम, पर्यावरण तथा क्षमता विकास कार्यक्रम शिर्षकबाट रु ९५,००० (अक्षेरेपिः पन्चानब्बे रुपैयाँ मात्र) भुक्तानी दिने ।

ग) २०७९/०८/०४ गते सम्पन्न हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय, म्याग्दीले गाउँपालिका र अन्तर्गतका सबै वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने, सबै वडामा एक/एक जनाका दरले स्वयम्सेवक खटाउने भनी निर्देशन दिएको र उक्त कार्यका लागि गाउँपालिकाबाटै बजेट प्रवन्ध गर्नु पर्ने भएकोले स्वयम् सेवक भत्ता लगायत सम्पूर्ण खर्च व्यहोर्न आ.व. २०७९/८० को विविध खर्च शिर्षकबाट अधिकतम २,२५,००० (अक्षेरेपिः दुई लाख पच्चीस हजार रुपैयाँ मात्र) खर्च लेख्ने ।

घ) नेपाल रेडक्रस सोसाइटी, दरबाङ उपशाखासँग आँखा उपचार केन्द्र सञ्चालनका लागि भएको सम्झौता बमोजिम अघिल्लो बैठकबाट निर्णय भई रु २००,००० (अक्षेरेपिः दुई लाख रुपैयाँ मात्र) अन्य संघ संस्था सहयोग शिर्षकबाट प्रदान गरिएको र उक्त संस्थालाई सेवा सञ्चालनका लागि हाललाई आ.व. २०७९/८० को विविध खर्च शिर्षकमा विनियोजित बजेटबाट रु ५००,००० (अक्षेरेपिः पाँच लाख रुपैयाँ मात्र) उपलब्ध गराउने र यस निर्णय २०७९ पौषमा सञ्चालन हुने गाउँसभाबाट अनुमोदन गर्ने ।

ङ) वडा नं ७ स्थित नाराले टोलमा गोरेटो बाटो भत्किएकोले १५ थान ग्याविन माग गरी वडाबाट सिफारिस भई आएकोले उक्त गोरेटो बाटो स्थानीयको श्रम सहभागितामा मर्मत गर्न आवश्यक १५ थान ग्याबिन विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने गरी खरिद गर्न वडा कार्यालयलाई स्वीकृति दिने र पेश हुन आउने सो बापतको रकम भुक्तानी उल्लिखित शिर्षकबाट दिने ।

च) वडा नं ३ को वडा कार्यालय भवनको पछाडिको भाग प्लास्टर गर्न गठित ३ नं वडा कार्यालय भित्ता प्लाष्टर उपभोक्ता समितिले कार्यसम्पन्न गरेको भनी वडा समितिको भुक्तानी माग सिफारिस गरेकोले प्राविधिकले उठाएको बिल बमोजिमको रु १,६४,८५१ (अक्षेरेपिः एक लाख चौसठ्ठी हजार आठ सय एकाउन्न रुपैयाँ मात्र ) विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने ।

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्थापित: २०७३

... प्रसाद गर्बुजा
अध्यक्ष

हेमराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| २. | क) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने उद्देश्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको मिति २०७९/०७/१७ गते अवधारणा पत्र पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६(ज) बमोजिमको कार्यान्वयन समिति तपसिल बमोजिम गठन गरियो ।<br>तपसिलः<br>गाउँपालिका अध्यक्ष - संयोजक<br>प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>आर्थिक विकास समिति संयोजक - सदस्य<br>सामाजिक विकास समिति संयोजक - सदस्य<br>योजना अधिकृत - सदस्य<br>इन्जिनियर - सदस्य<br>सूचना प्रविधि अधिकृत - सदस्य<br>कृषि अधिकृत - सदस्य सचिव<br><br>ख) नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिमको कार्यक्रममा यस मालिका गाउँपालिकाले एकल रुपमा सहभागीता जनाउने र सो का लागि सूचनामा तोकिए बमोजिमको ढाँचामा समयसिमा भित्रै स्थानीय आर्थिक विकासको क्षेत्रमा योगदान पुर्‍याउने कृषि सम्बन्धी नवप्रवर्तनकारी परियोजनाको एकल अवधारणा पत्र/प्रस्ताव पेश गर्ने सम्बन्धी निर्णय गरियो ।<br>ग) नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम कुल लागत दुई करोडको परियोजना प्रस्ताव कार्यान्वयन गर्न गाउँपालिकाको तर्फबाट ३०% लागत सहभागिता रहनु पर्ने प्रावधान अनुसार गाउँपालिकाले २०७९ पौषमा गर्ने गाउँसभाबाट आ.व. २०७९/८० मा विनियोजित कृषि लगायत शिर्षकका बजेटबाट रकमान्तर गरी रु ६०,००,००० (अक्षरेपिः साठी लाख रुपैयाँ मात्र) विनियोजन गर्ने।<br>घ) आ.व. २०७७/७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा प्राप्त गरेको कुल अङ्क ५७.२५ तथा वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) मा प्राप्त कुल अङ्क ५२ रहेको व्यहोरा अनुमोदन गर्ने । |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्थाः २०७३

वेग प्रसाद गर्बुजा
अध्यक्ष

हेमराज कापरी
प्रमुख प्रशासकीय अधिकृत